बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९
Insurance Board-1992

परिपत्र नं. ३

बी.स. २१ (२०७७/०७८) च.नं. ६३२ मिति: २०७७/०५/०२

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

विषय: **कोभिड-१९ को जोखिममा बीमकले सजगता तथा सुरक्षा अपनाउने सम्बन्धमा।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड - १९ को जोखिम बढ्दै गइरहेको सन्दर्भमा बीमा कम्पनीमा कार्यरत कर्मचारी एवं सेवाग्राहीहरुमा समेत संक्रमण जोखिम उच्च हुने देखिएकोले सजग तथा सुरक्षित रही न्युनतम बीमा सेवा प्रदान गर्ने गरी देहाय बमोजिम गर्नु गराउनु हुन यो निर्देशन जारी गरिएको छ :-

(१) कुनै पनि प्रकारका व्यक्तिगत भेटघाट, बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, तालिम, भेला जस्ता सामुहिक जमघट हुने कार्यक्रम नगर्ने तथा सम्भव भएसम्म यस्ता कार्यक्रमहरु विद्युतीय माध्यमबाट गर्ने व्यवस्था मिलाउने।

(२) बीमा कम्पनीहरुले बीमा सेवा संचालनको क्रममा कोभिड- १९ संक्रमणको जोखिम सुरक्षार्थ आवश्यक पर्ने सम्पूर्ण आधारभुत स्वास्थ्य सामाग्रीहरु कार्यस्थलमा अनिवार्य उपलब्ध हुने व्यवस्था गर्ने।

(३) बीमा कम्पनीमा कार्यरत कुनै कर्मचारीमा कोभिड-१९ को संक्रमण देखिएमा संक्रमित कर्मचारी तथा निजको सम्पर्कमा रहेका कर्मचारी समेतलाई सम्पूर्ण खर्च (PCR Test समेत) कम्पनी आफैँले व्यहोर्ने गरी घर, अस्पताल वा होटलमा आईसोलेसन वा क्वारेन्टीनमा सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाउने। साथै, आईसोलेसन वा क्वारेन्टीनमा रहेका कर्मचारी वा कार्यालयको अत्यावश्यक कामको सिलसिलामा कार्यालय बाहिर खटाईएका कर्मचारीहरु कार्यालयमा फर्कदा PCR Test Negative आएपश्चात मात्र कार्यालय आउने व्यवस्था मिलाउने।

(४) आईसोलेसन वा क्वारेन्टीनमा रहेका कर्मचारीलाई उक्त अवधिको पूरा तलब सहित अतिरिक्त बिदा उपलब्ध गराउने तथा हाजिरीमा अतिरिक्त विदा र Work from Home उल्लेख गर्ने व्यवस्था मिलाउने।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np